# मिक्लाजुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मधुमल्ला, मोरङ

१ नं. प्रदेश, नेपाल

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७५/०५/०६)

**विषय :- आ.व. ०७५/७६ को लागि ढुङ्गा, गिट्टी, बालुवा, रोडा, भरौट, माटो आदि नदीजन्य पदार्थ संकलनको ठेक्का सम्वन्धि सिलवन्दी वोलपत्र आव्हानको सूचना ।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) को ६ मा व्यवस्था भए वमोजिम यस मिक्लाजुङ गाउँपालिकाको आगामी आ.व. २०७५/७६ का लागि देहाय वमोजिमको आन्तरिक आय सम्वन्धि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक फर्म, कम्पनी वा व्यक्तिहरुले ठेक्का लिन चाहेमा तपसिलको शर्त वन्देजमा रही गोप्य सिलवन्दी वोलपत्र मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मधुमल्ला, मोरङमा दाखिला गर्नेहुन सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि.नं. | विवरण | न्यूनतम ठेक्का अंक (कर बाहेक) | धरौटी रकम | बोलपत्र फाराम दस्तुर | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | मिक्लाजुङ गाउँपालिकाका IEE भएका खोला/नदीहरु बाट उत्खनन्, संकलन गरी विकी वितरण हुने ढुङ्गा, गिटी, रोडा, ग्रावेल, बालुवा, माटो आदिको खोला विकी मुल्य असुली ( खोलाहरु : बकाहा, सफेवा, साखरे, तेली, सोल्टी) | रु.२,७१,०५,४४८। | ५% | ५,०००। | २०७५/०६/०५ | २०७५/०६/०७ दिउँसो १२ बजे सम्म । | २०७५/०६/०७ दिउँसो २ बजे । |

**शर्तहरुः**

१) उल्लेखित ठेक्का आ.व. २०७५ असोज देखि २०७६ जेठ मसान्त सम्मका लागि हुनेछ ।

२) उल्लेखित आय ठेक्काको वोलपत्र फारम माथि उल्लेखित मिति भित्र तोकिएको दस्तुर (फिर्ता नहुने) तिरी कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

३) वोलपत्रदाताले खामको वाहिरपट्टि ठेक्काको विवरण, मिक्लाजुङ गाउँ कार्यपालिकाको कार्यालय ,मधुमल्ला, मोरङ, भनी प्रष्ट वुझिने गरी उल्लेख गर्नुपर्नेछ ।

४) उल्लेखित बोलपत्रहरु फर्मको नाममा खरिद गर्ने भए फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयवाट प्राप्त मु.अ. कर दर्ताको प्रतिलिपि, आ.व.२०७३/७४ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थानीय फर्मको हकमा गाउँपालिकामा दर्ता भएको व्यवसाय कर प्रमाणपत्र नवीकरणको प्रतिलिपि समेत संलग्न हुनुपर्नेछ ।

५) खरिद गरिएको बोलपत्र, वोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट अपरान्ह १२:०० वजेसम्म सिलवन्दी बोलपत्र फाराम दर्ता गर्न सकिनेछ । रितपूर्वक दर्ता हुन आएका सिलवन्दी बोलपत्रहरु बोलपत्र दर्ता हुने अन्तिम दिनको २:०० वजे कार्यालयको प्रतिनिधि र ठेकेदार वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ तर ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएपनि उल्लेखित आय ठेक्काको सिलवन्दी बोलपत्रहरु खोल्न वाधा पर्ने छैन । वोलपत्र दाखिला गर्दा आफूले कवोल गरेको आय ठेक्का अंकको ५ प्रतिशत रकम धरौटी वापत मिक्लाजुङ गाउँ कार्यपालिका कार्यालयको नाममा एन.एम.बी. बैंक, मधुमल्ला शाखामा रहेको धरौटी खाता नं.०६१०९१००५८२१३००००००६ मा रकम जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त 'क' श्रेणीका वैंकवाट यस गाउँपालिकाको नाममा जारी गरेको कम्तीमा ९० दिन म्याद भएको बोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

६) कवोल रकम अंक र अक्षरमा प्रस्ट संग उल्लेख गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । अंक र अक्षरलाई पुनःलेखन गर्नुपर्ने भएमा काटेको स्थानमा वोलपत्रदाताको अनिवार्य हस्ताक्षर हुनुपर्नेछ । फर्म वा कम्पनी भए छाप समेत हुनु पर्नेछ ।

७) ठेक्का रकमलाई किस्तामा वुझाउनका लागि पहिलो किस्ता ६० प्रतिशत र अन्तिम किस्ता ४० प्रतिशत गरी विभाजन गरिनेछ । यसरी किस्ता निर्धारण पहिलो किस्ता सम्झौता गर्दाको वखतमा र अन्तिम किस्ता २०७५ पौषमसान्त भित्र वुझाउनुपर्नेछ । अन्तिम किस्ताको रकमको हकमा २०७६ जेठ मसान्त सम्म अवधि रहेको वैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

८) ठेकेदारले राखेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजस्व कार्यालयमा कर तिरेको प्रमाण र गाउँपालिकाको कार्यालयवाट कर असुलीमा प्रयोग भएको रसिद जाँचवुझ भएपछि मात्र फिर्ता दिइनेछ । यसरी रसिद चेक गर्दा तोकिएको दररेट र दस्तुर वाहेक गैरवस्तु र फरक दररेटमा कर दस्तुर असुल गरेको पाइएमा सो वरावरको रकम धरौटी रकमवाट कट्टा गरी वाँकी रकम मात्र फिर्ता दिइनेछ ।

९) ठेक्का कवोल गर्ने ठेकेदारले गाउँपालिकाले तोकिदिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फवाट छपाइ सो रसिदहरु यस कार्यालयवाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित वाहेकका रसिदवाट कर उठाइएको उजुरी वा जानकारी प्राप्त भएमा नियामानुसार कारवाही र उठाएको रकम वरावरको थप जरिवाना गरिनेछ ।

१०) ढुंगा, गिट्टि, मिक्स गिट्टि, वालुवा वा भरौट माटो आदि निकाल्दा अर्काको घर, जग्गा, कुलो, वाध, वाटो,आदि क्षति हुने गरी निकाल्न पाइने छैन । उक्त निर्माण सामग्री झिक्नुपर्ने स्थलसम्म जान, आउन आवश्यक पर्ने वाटो वनाउन वा वाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फवाट गर्नुपर्नेछ । साथै सो खर्च गाउँपालिकासँग दावी गर्न पाउनेछैन । ढुंगा, गिट्टी, मिक्स गिट्टी , वालुवा तथा भरौट माटो आदि निकाल्दा कुनै व्यक्ति वा निकायको निजी जग्गा भएर जान आउन पर्ने भएमा सम्वन्धित व्यक्ति वा निकायको स्वीकृति ठेकेदारले आफैं लिनुपर्नेछ । नदीजन्य सामग्री ओसार पसार गर्दाको समयमा सडकमा धुलो वा हिलो भई आवागमनमा असर गरेमा ठेकेदारले सडक मर्मत आफ्नै खर्चबाट गराउनु पर्नेछ ।

११) नदी नालाको दायाँवायाँ किनारा ढुंगा, गिट्टी, मिक्स गिट्टी वालुवा, भरौट माटो आदि निकाल्दा भुक्षय वा वाढी पहिरो जाने किसिमले निकाल्न पाइने छैन ।

१२) पूल, कलभर्ट, कजवे, सडक तथा सार्वजनिक निर्माण स्थल आदिवाट तल माथि ५०० मिटर भित्र ढुंगा, गिट्टी, मिक्स गिट्टी, वालुवा वा भरौट माटो आदि उत्खनन गर्न पाइने छैन ।

१३) IEE प्रतिवेदन अनुसार जुन जुन ठाउँवाटं मेशिन प्रयोग गरी ढुंगा, गिट्टी, मिक्स गिट्टी , वालुवा तथा भरौट माटो उत्खनन गर्ने भनी उल्लेख भएको छ, सोही स्थानमा मात्र मेशिन प्रयोग गर्न पाइनेछ । साथै IEE प्रतिवेदनअनुसार मेशिन प्रयोग गर्न नपाइने स्थानको हकमा तालुक मन्त्रालयवाट स्थान तोकी मेशिन प्रयोग गर्न स्वीकृति प्रदान भएमा सोही वमोजिम हुनेछ ।

१४) IEE प्रतिवेदन वमोजिम गाउँपालिकाले जुन जुन खोला नालाको जुन स्थानलाई घाटगद्‌दीको रुपमा सिमाना स्थापित गरेको छ, सो स्थानवाट उत्खनन गर्न सक्ने वस्तु उत्खनन् गर्दा लाग्ने लागत स्वयं ठेकेदारले नै वहन गर्नुपर्नेछ ।

१५) ढुंगा, गिटटी, मिक्स गिट्टी, वालुवा वा भरौट माटो आदि उत्खनन गर्दा वन क्षेत्र तथा चुरे क्षेत्रवाट उत्खनन गर्न पाइने छैन ।

१६) श्रमिकद्धारा हातले कुटेको गिट्टी, छानेको वालुवा आदिलाई समेत विक्रि गर्ने प्रयोजनार्थ निष्काशन हुदाँ विक्रि कर लिन वाधा पर्ने छैन ।

१७) खोलाजन्य वस्तु उत्खनन भएको परिमाणको विवरण प्रत्येक महिना गाउँपालिकालाई गराउनु पर्नेछ ।

१८) खोला नाला उत्खनन् गर्न सकिने परिमाण, निष्कासन गर्न सकिने स्थान IEE को प्रतिवेदनका आधारमा वोलपत्र फारामसाथ संलग्न अनुसुची वमोजिम हुनेछ ।

१९) तोकिएको स्थानवाट ढुंगा, गिटटी, मिक्स गिटटी वालुवा तथा भरौट आदि उत्खनन् गर्दा विहान सुर्योदय पश्चात र वेलुका सुर्योस्त सम्म मात्र उत्खनन् गर्नुपर्नेछ ।

२०) वन्द, हडताल जस्ता मानव सिर्जित कारणवाट सिर्जना हुने अवस्थाको कारण कर छुट वा मिनाहा हुने छैन र कुनै पनि प्रभाव वा दवाव दिन वा गर्न पाइनेछैन ।

२१) एक फर्म वा कम्पनीको नाममा खरिद गरेको वोलपत्र फर्म अर्को फर्म वा कम्पनीको नामवाट दाखिला गर्न पाइने छैन ।

२२) कुनै शर्त सहितको वोलपत्र स्वीकार्य हुने छैन र सव कन्ट्रयाक्टर मार्फत गर्न पाइने छैन ।

२३) सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित संघीय, प्रादेशिक र स्थानीय कानून वमोजिम हुनेछ ।

२४) वोलपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहेको छ ।

२५) यस सम्वन्धमा अन्य जानकारी लिन चाहेमा कार्यालय समय भित्र फोन नं. ०२१–४००००१ मा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत